बुंगल नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
खिरातडी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

प.नं. :०८०।०८१
च. नं.

मितिः २०८०।१०।२९

## न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने सम्बन्धी सूचना ।

(सूचना प्रकाशित मितिः २०८०।१०।२९ गते)

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावलीको ( दोस्रो संशोधन), २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ (दोस्रो संशोधन २०७८) को दफा १८ बमोजिम आगामी आ ब २०८१।०८२ मा बुंगल नगरपालिकाको सार्वजनिक विकास निर्माणको काममा योगदान गर्न इच्छुक सामाजिक र आर्थिक अवसरबाट बन्चित रहेका महिला, दलित, सिमान्तकृत समुदाय तथा विपन्न वर्गका (१८ देखि ५९ बर्षका) बेरोजगार व्यक्तिहरुले आफु स्थायी रुपमा बसोबास गरेको वडा कार्यालयमा यहि मिति २०८० फागुन १ गते देखि २५ गते सम्म प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ ( दोस्रो संशोधन २०७८ सहितको ) अनुसूची १ बमोजिमको ढाँचामा फारम भर्न सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आवश्यक कागजातहरु

१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी १ प्रति
२) पासपोर्ट साइजको फोटो १ प्रति
३) फारममा उल्लेख गरिने परिवारका ( १८ देखि ५९ बर्षका) व्यक्तिहरुको नागरिकताको प्रतिलिपि नागरिकता नलिएको हकमा जन्ममिति खुल्ने कागजात पेश गर्नु पर्नेछ ।
४) फारम भर्न नेपाल सरकारले तोकेको न्युनतम बार्षिक पारिश्रमिक भन्दा कम आय भएको परिवारको सदस्य भएको हुनुपर्नेछ ।
५) निवेदन फारमको लागि www.pmep.gov.np तथा bungalmun.gov.np र वडा कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

बोदार्थ

श्री सूचना प्रविधि शाखा बुंगल नगरपालिका, सूचना वेवसाईटमा अपलोड गर्नहुन ।

श्री वडा कार्यालय सबै बुंगल नगरपालिका, फारम भर्नमा सहजिकरण तथा सहि तथ्याङ्क रुजु गरिदिन हुन ।

जय बहादुर कुवँर
रोजगार संयोजक

माधव प्रसाद जोशी
नि प्रमुख प्रसासकीय अधिकृत